（ネパール語）

प्रान्तका सामान्य नागरिकहरूले नोभल कोरोनाभाइरसको खोप लगाउने बारेमा

१ खोप लगाउने अवधि (सुरु समय नगरपालिकामा निर्भर गर्दछ)
२०२१ साल अप्रिल मध्य~२०२२ साल फेब्रुअरी

२ खोप लगाउने व्यक्ति को उमेर
१६ बर्ष र अधिक

३ खोप लगाउने लक्ष्य को तालिका
①ज्येष्ठ नागरिक (१९५७ साल अप्रिल १ तारिक सम्म मा जन्मिएका व्यक्ति), ②अन्तर्निहित बिरामी व्यक्ति (ज्येष्ठ नागरिक बाहेक)･ज्येष्ठ नागरिकको सुविधा इत्यादिका कामदारहरू। ③अन्य

४ खोप लगाउने संख्या
२ पटक (पहिलो खोप लगाए पछि २० दिनको अन्तरालमा दोस्रो खोप)

५ खोप लागत
निसुल्क

६ खोप लगाउने स्थान
ठेगाना दर्ता भएको नगरपालिका को चिकित्सा संस्था र खोप स्थलहरू

७ खोप लगाउन गर्नु पर्ने प्रक्रिया
① खोपको समय भन्दा पहिले, ठेगाना दर्ता भएको नगरपालिकाले「खोप टिकट」र「नोभल कोरोना खोपको सूचना」आदि तपाई बस्दै आएको ठेगानामा पठाउनेछ।
② खोप लगाउने चिकित्सा संस्था तथा खोप स्थलहरू, इन्टरनेट वा नगरपालिकाको सार्वजनिक सम्बन्ध बाट जाँच गर्नुहोस्।
③ कृपया फोन वा इन्टरनेटबाट आरक्षण गर्नुहोस्।
④खोप लगाउँदा, कृपया नगरपालिकाबाट पठाइएको "खोप टिकट" र "परिचय पत्र (सवारी चालक अनुमति पत्र, निवास कार्ड आदि)" नबिर्सी लिएर आउनु होला।

८ खोप लगाउने बेला को सहमति
नोभल कोरोनाभाइरस को खोप, खोप प्राप्तकर्ताहरूलाई लगाउन अनुरोध गरिएको छ तर यो अनिवार्य छैन। संक्रामक रोगहरू विरूद्ध खोपको प्रभावकारिता र पक्ष प्रतिक्रियाहरूको जोखिम दुबैको समझदारीका साथ, खोप लगाउने व्यक्ति को सहमति प्राप्त भए पछि मात्र खोप लगाइने छ।

९ परामर्श / खोप परामर्श केन्द्र (जापानी भाषा मात्र)
फोन ०५७०-०५२-०९२
※विवरणका लागि कृपया तलको वेबसाइट हेर्नुहोस् (जापानी भाषा मात्र)
https://www.pref.tochigi.lg.jp/e04/wakutin.html